# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२
च.नं.

मिति:२०८१/०८/०४
ने.सं.११४५, कछलागा ४, मंगलबार

## मकैको बिऊ सम्बन्धी अत्यन्तै जरुरी सूचना सम्बन्धमा ।

यस रतुवामाई नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्रका कृषक समूह तथा व्यवसायिक कृषि फर्म दर्ता गराई सक्रिय रुपमा रहेका कृषकहरुलाई मकै वालीको क्षेत्र विस्तारका लागि ५० प्रतिशत अनुदानमा हाइब्रिड मकैको बिऊ (पायोनियर) खरिद गरी वितरण गर्नको लागि यस नगरपालिकाको कार्यालयबाट मिति २०८१/०५/२८ गते प्रथम पटक प्रकाशित ३० दिने राष्ट्रियस्तरको बिद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार ठेक्का नं. **Rmun/NCB/Goods/01/2081/082, Supply and Delivery of Hybrid Maize Seeds** का लागि तोकिएको समयावधि मिति २०८१/०७/०४ गते भित्र कुनै पनि बोलपत्रदाताहरुले बोलपत्र पेश नगरेको हुँदा मिति २०८१/०७/०६ गते दोस्रो पटक पुन प्रकाशित १५ दिने राष्ट्रियस्तरको विद्युतीय बोलपत्र आह्वानको सूचना समेत प्रकाशन गरेकोमा बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०७/२१ गते सम्ममा समेत कुनै पनि बोलपत्र पेश हुन नआएको हुँदा मिति २०८१/०८/०२ गते नगर कार्यपालिकाको आकस्मिक वैठक बसी बजारमा पायोनियर प्रजातिको हाइब्रिड मकैको बिऊको अभाव भएकोले कुनै पनि बोलपत्र पेश हुन नआएको बुझिन आएको हुँदा सम्बन्धित कृषक समूह, कृषि फर्महरुलाई पायोनियर बिऊको सट्टा **TX-369** वा **BIOSEED-9784** प्रजातिको बिऊ खरिद गरी समय मै वितरण गर्ने भनी निर्णय भएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै यस अघि निवेदन पेश गर्नुभएका तथा निवेदन पेश गर्न इच्छुक कृषक समूह तथा कृषि फर्महरुले कृषि सेवा केन्द्रहरु इटहरा, सौंठा, गोविन्दपुर र झुर्कियामा यो सूचना प्रकाशन भएको मितिले तीन (३) दिन भित्र माग निवेदन पेश गर्न हुन समेत जानकारी गराईन्छ।

.............................
संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत